मिति: **०५ असोज २०७८**

**मा. ज्ञानेन्द्र बहादुर कार्की ज्यू,**
**मन्त्री, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**
**प्रवक्ता, नेपाल सरकार**

**<u>विषयः कोभिड-१९ प्रतिकार्य सम्बन्धमा सुझावहरु</u>**

उपरोक्त सम्बन्धमा कोभिड-१९ महामारीप्रति नेपालको प्रतिकार्य नेपालको संविधान, राष्टि य कानून र अन्तर्राष्टि य मानवअधिकार कानूनले प्रत्याभूत गरेको स्वास्थ्यको अधिकारको सम्मान, संर ाण र परिपूर्ति गर्ने राज्यको दायित्व हो । मानवअधिकारसम्बन्धी आफ्नो दायित्व परिपालना गरेको सुनिश्चित गर्न निम्न उल्लेखित संस्थाहरु कोभिड - १९ प्रतिकार्यका लागि देहायअनुसारका सिफारिसहरू गर्दछ :

**१. सिफारिश :**

- सम्बन्धित निकाय तथा अधिकारीहरूले नागरिकको स्वास्थ्यको अधिकारलाई आर्थिक, राजनीतिक, सामाजिक आदि हैसियतका आधारमा नभई कानूनी तथा यवहारिक आधारमा सबैका लागि स्वास्थ्यको अधिकार प्रत्याभूत गर्ने । यसभित्र अन्तर्राष्टि य कानूनमा यवस्था भएअनुसार राष्टि यता र नागरिकताको हैसियतको आधारमा हुने भेदभावजन्य कार्यहरूलाई प्रतिबन्धित गर्ने ।

- कोभिड-१९ प्रतिकार्यमा मानवअधिकार दायित्वहरूको परिपालनाका सन्दर्भमा सर्वोच्च अदालतबाट जारी भएका सम्पूर्ण आदेशहरूको सरोकारवाला मन्त्रालय, सम्बन्धित निकाय तथा पदाधिकारीहरूले यक्तिगत तथा सामूहिक रूपमा तत्काल पालना एवं कार्यान्वयन गरिएको सुनिश्चित गर्ने।

- सङ्घीय, प्रादेशिक तथा पालिका स्तरमा कोभिड-१९ प्रतिकार्य क्रियाकलापहरू कार्यान्वयनका लागि जिम्मेवार सरकारी निकायहरूले एक आपसमा सहकार्य तथा समन्वय गरी कोभिड-१९ प्रतिकार्यसँग सम्बन्धित क्रियाकलापहरूलाई सुदृढ तथा सु यविस्थत गर्नुका साथै सर्वोच्च अदालतको आदेशको कार्यान्वयन भएको सुनिश्चित गर्ने ।

- सरकारले निम्नलिखित परिणामहरूका लागि कोभिड-१९ सङ्कट यवस्थापन अध्यादेशमा संशोधन गर्नुपर्ने :
  - कोभिड-१९ स्वास्थ्य आपतकाल घोषणाका लागि कानुनी आधार स्पष्ट गर्ने;
  - महामारीसम्बन्धी नियमावलीको तर्जुमा गर्दा अदालतले दिएको आदेश र निर्देशनहरू समावेश गर्ने;
  - स्वास्थ्य सेवामा समान पहुँचसहितको मानवअधिकार दायित्वहरू समावेश गर्ने;
  - कोभिड-१९ संकट यवस्थापन केन्द्रमा स्वास्थ्य संकटसम्बन्धी विशेषज्ञहरूको प्रतिनिधित्व बढाउने;
  - संकट यवस्थापन केन्द्रको प्रमुखको नियुक्तिका लागि आवश्यक मापदण्ड, योग्यता वा अनुभव निर्धारण गर्ने;
  - अध्यादेशको दफा २६(१०) ले सरकारलाई कुनै पनि प्रशासनिक तथा कानुनी प्रक्रियाहरू पूरा नगरी कोभिड-१९ खोप तथा अन्य सामग्रीहरू खरिद गर्न सक्ने अधिकार दिएकोले उक्त दफा तत्काल खारेज गर्नु पर्ने ।
  - कोभिड-१९ र अन्य सामाग्रीहरूको सार्वजनिक खरिद प्रक्रियामा अनिवार्य पारदर्शिता कायम गर्नुपर्ने भन्ने प्रावधान थप गर्ने । थप गरिने उक्त प्रावधानमा गैह्र प्रष्टिकरण सम्झौता (नन डिसक्लोजर एग्रिमेन्ट) गर्न नपाइने वा न्यूनतम् रूपमा त्यसलाई अन्तर्राष्टि य मानवअधिकार कानुनका मापदण्ड अनुरुप बनाइनु पर्ने । साथै यस्तो प्रावधानमा सूचनाको हकलाई पनि सुनिश्चित गरिनु पर्ने ।
- सरकारी निकायहरूले अन्तर्राष्टि य सहयोग र सहायता लिने र प्राप्त गर्ने प्रयासहरू बढाउँदै उपलब्ध स्रोतहरू (आर्थिक, मानवीय, प्राविधिक, प्रविधिजन्य, सूचनाजन्य वा प्राकृतिक स्रोतसहित) लाई अधिकतम उपयोगका लागि तत्काल सबै आवश्यक कदमहरू चाल्नुपर्ने ।

## २. क्वारेन्टाइन र आइसोलेसन सुविधा सम्बन्धी सिफारिश :

- क्वारेन्टाइन र आइसोलेसन केन्द्रहरूको यवस्थापनका लागि जिम्मेवार सङ्घीय, प्रादेशिक तथा स्थानीय निकायहरूले क्वारेन्टाइन र आइसोलेसन केन्द्रहरूमा उपलब्ध सेवाहरू नेपालको मानवअधिकार दायित्वअनुरुप स्वास्थ्य, खाद्य, आवास, खानेपानी, सरसफाइ तथा सुर ा जस्ता अधिकारहरू प्रत्याभूत गरिएको सुनिश्चित गर्नु पर्ने । यसका लागि निम्नलिखित प्रावधानहरूको यवस्था गर्नुपर्ने :
    - भौतिक दूरी कायम गर्न सबैका लागि पर्याप्त भौतिक स्थान;
    - कोभिड-१९ सङ्क्रमण रोक्न सरसफाइ यवस्थापनका लागि पर्याप्त पानी,साबुन र चर्पी, स्यानिटाइजरको यवस्था;
    - सम्मानित र स्वस्थ जीवनका लागि पौष्टिक खाना र स्वच्छ खानेपानी;
    - कोभिड-१९ निवारणका लागि निःशुल्क परी ण र उपचारसहितको स्वास्थ्य सेवाहरू;
    - सबै आवश्यक स्वास्थ्य सेवाहरू उपलब्ध गराउन तालिमप्राप्त स्वास्थ्यकर्मीहरू;
    - आवश्यक भएको अवस्थामा अस्पतालसम्म पुग्नका लागि समयमै एम्बुलेन्सको यवस्था;
    - कोभिड- १९ स्वास्थ्य सेवालाई अझै प्रभावकारी बनाउन महामारी सम्वोधन गर्न सक्ने थप विशेषज्ञ एबम अन्य जनशक्तिको प्रयोग गर्नुपर्ने ।
    - निःशुल्क मनोसामाजिक परामर्शको यवस्था र
    - सबै बासिन्दाका लागि हरपल प्रभावकारी सुर ा प्रदान गर्न सुर ा सेवाहरू ।

- गृह मन्त्रालय र क्वारेन्टाइन केन्द्रहरूको यवस्थापनका लागि जिम्मेवार निकायहरूले क्वारेन्टाइन र आइसोलेसन केन्द्रहरूमा बस्ने यक्तिहरूलाई कोभिड-१९ परी णमा नेगेटिभ नतिजा नआएसम्म घर फर्कन बाध्य नबनाइएको सुनिश्चित गर्नुपर्ने ।

## ३. कोभिड-१९ महामारीको समयमा स्वास्थ्य सेवाहरूमा सामान्य पहुँचसम्बन्धी सिफारिश :

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलगायत नेपाल सरकारका अन्य सम्बन्धित निकायहरूले नेपालमा बसोवास गरिरहेका सबै मानिसहरूलाई जहाँ बसोबास गरिरहेको भए पनि वा

उनीहरूको नागरिकताको हैसियत जे जस्तो भए पनि सबैले कोभिड-१९ निवारण, परी ाण र उपचारमा विना कुनै भेदभाव पहुँच प्राप्त गरेको सुनिश्चित गर्नुपर्ने ।

- लकडाउन (बन्दाबन्दी) को बावजुद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलगायत जिम्मेवार सरकारी निकायहरूले जनस्वास्थ्य सेवा ऐन अनुरुप नेपालमा बसोवास गर्ने सबै मानिसहरूले गैर-कोभिड-१९ सम्बन्धी सबै आधारभूत स्वास्थ्य सेवा र उपचारमा निर्वाध पहुँच प्राप्त गरेको सुनिश्चित गर्नुपर्ने । यसमा आपतकालीन चिकित्सा सेवा आवश्यक हुने यक्तिहरूका लागि स्वास्थ्य केन्द्रहरूसम्म पुग्नका लागि सुपथ मुल्यमा एम्बुलेन्स सेवा र उपचार सेवा उपलब्ध गराउनु पर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलगायत जिम्मेवार सरकारी निकायहरूले कोभिड-१९ का विरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने सबै अस्पतालहरूमा अक्सिजन, अस्पताल शैया, आइसियु  ामता र कोभिड-१९ सम्बन्धी औषधि र उपकरण तथा द ा जनशक्ति पर्याप्त मात्रामा आपूर्ति रहेको सुनिश्चित गर्नुपर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलगायत जिम्मेवार सरकारी निकायहरूले सर्वोच्च अदालतको आदेशअनुरुप कोभिड-१९ संक्रमणलाई थप फैलिनबाट रोक्न कोभिड-१९ परी ाणमा नि:शुल्क पहुँच रहेको सुनिश्चित गर्नुपर्ने ।

## ४. <u>स्वास्थ्यकर्मीहरूसँग सम्बन्धित सिफारिश :</u>

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल सरकार र प्रधानमन्त्रीको कार्यालयले सबै स्वास्थ्यकर्मीहरूले महामारीको अवधिभर स्वास्थ्य सेवा सुर ित र प्रभावकारी रूपमा उपलब्ध गराउन आवश्यक यक्तिगत सुर ाा उपकरण (पिपिइ)सहित सहित अन्य आवश्यक सबै साधनहरूमा पहुँच प्राप्त गरेको सुनिश्चित गर्नुपर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यकताअनुसार कोभिड-१९ परी ाण र उपचारमा स्वास्थ्यकर्मीहरूलाई प्राथमिकता प्रदान गर्नुपर्ने ।

- गृह मन्त्रालय र नेपाल सरकारले स्वाथ्यकर्मीहरू विरुद्ध उनीहरूको कोभिड-१९ को अवस्था वा अनुमानका आधारमा हुने भेदभावलगायत सबै प्रकारका भेदभावहरूलाई प्रतिबन्धित र दण्डित गर्ने कानुनी र अन्य उपायहरू अवलम्बन गर्नुपर्ने ।

- सुर ाा निकायहरूले स्वास्थ्यकर्मीहरू विरुद्ध भएका बल प्रयोग तथा दु र्यवहारका सबै घटनाहरूको अनुसन्धान गरी दोषीहरूलाई कानुनअनुसार कारबाही गर्नुपर्ने ।

- सुर ाा निकायहरूले अध्यादेशले प्रचलित स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरूको सुर ाासम्बन्धी ऐनमा संशोधन गरेको अवस्थामा स्वास्थ्यकर्मीहरूलाई काममा बाधा पुऱ्याउने कार्यमा संलग्न यक्तिविरुद्ध अनुसन्धान र आवश्यकता भएको खण्डमा अभियोजन गर्नुपर्ने ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्य जिम्मेवार निकायहरूले स्वाथ्यकर्मीहरूको मानसिक तथा शारीरिक स्वास्थ्य संर ाण गर्न उनीहरूलाई आवश्यक सबै मनोसामाजिक सहयोग उपलब्ध गर्नुपर्ने ।
- कोभिड-१९ विरुद्ध अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीहरूलाई पर्याप्त सेवा, सुविधा, आराम र मनोसामाजिक परामर्शको यवस्था गरिनु पर्ने ।

## ५.कोभिड-१९ को लैङ्गिक प्रभावसँग सम्बन्धित सिफारिस :

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले क्वारेन्टाइन र आइसोलेसन केन्द्रहरूलगायत सबै स्वास्थ्य केन्द्रहरूमा सबै महिला तथा किशोरीहरूलाई लैङ्गिक हिंसाविरुद्धको सुर ाालाई सुनिश्चित गर्न आवश्यक कदम चाल्नुपर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले कोभिड-१९ महामारीको अवधिभर जनस्वास्थ्य सेवा ऐनअन्तर्गत आवश्यक यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरू, विशेषगरी मातृस्वास्थ्य सेवाहरू प्राप्त गर्नेसुनिश्चित गर्नुपर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महिलाहरूलाई प्रजनन् स्वास्थ्य सेवाहरू लिन आवश्यक भएको अवस्थामा अस्पतालसम्म पुग्नका लागि एम्बुलेन्स सेवा सहज र समयमै उपलब्ध हुने यवस्था गर्नुपर्ने ।

## ६. स्वतन्त्रताबाट बञ्चित यक्तिहरूसँग सम्बन्धित सिफारिश :

- सवोच्च अदालतको आदेशअनुरुप गृह मन्त्रालयले जिम्मेवार कारागार यवस्थापन निकायको परामर्शमा सर्वोच्च अदालतको निर्देशनअनुरुप जोखिम वर्गमा पर्ने कैदीहरू (जस्तैः वृद्धवृद्धा, दीर्घरोगी, पूर्प ाका लागि थुनामा रहेका, सामान्य र गैरहिंसात्मक अपराधमा आरोपित, बाल सुधार गृहमा रहेका नाबालक र जेलमुक्त हुने मिति नजिकै रहेका यक्ति)लाई रिहा गरेर थुनामा रहेका यक्तिहरूको संख्या सम्भव भएसम्म कम गर्नुपर्ने ।

- कारागार यवस्थापन निकायहरूले कारागारमा रहेका सबै यक्तिहरूको स्वास्थ्यको अधिकारको संर ाणका लागि निम्न कार्यहरू गर्नुपर्ने :
  - कारागारमा भिडभाड हुन नदिने;
  - कोभिड-१९ जाँच, परी ाण र उपचारमा सामान्य यक्तिहरू सरहको पहुँच सुनिश्चित गर्ने;
  - कोभिड-१९ सङ्क्रमण फैलिन नदिन पर्याप्त पानी, सरसफाइ, साबुन, स्यानिटाइजर र पिपिइ लगायतका सामग्रीमा पहुँच सुनिश्चित गर्ने;
  - कारागारको समग्र यवस्थापन अन्तर्राष्टि य मानवअधिकार मापदण्ड विशेषगरी, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्धअनुरुप रहेको सुनश्चित गर्ने, जसमा देहायलगायत रहेका छन् :

- पर्याप्त वातावरणीय अवस्था जस्तैः हावा, न्यूनतम् ठाउँ, प्रकाश, तापमान र हावा आउने जाने  यवस्था;
- यक्तिगत सरसफाइ सुनिश्चित गर्न आवश्यक सरसमान;
- पर्याप्त लत्ताकपडा;
- स्वास्थ्य र शक्तिका लागि पर्याप्त पोषणसहितको खाना;
- स्वच्छ खानेपानी; र
- मानसिक तथा भौतिक स्वास्थ्यको फाइदाका लागि मनोरञ्जनका क्रियाकलापहरू ।

७. **निजी स्वास्थ्यसेवा प्रदायकहरूका लागि सिफारिश :**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गृह मन्त्रालयले सबै निजी स्वास्थ्य सेवा प्रदायकहरूले स्वास्थ्यको अधिकारको सम्मान गर्नुपर्ने आफ्नो दायित्व परिपालना गरेको सुनिश्चित गर्नुपर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गृह मन्त्रालयले अस्पताल र प्रयोगशालाहरूलगायत सबै स्वास्थ्य सेवाप्रदायकहरूले जनस्वास्थ्य सेवा ऐनको  यवस्थासहित सबै स्वास्थ्य केन्द्रमा निहित सबै जिम्मेवारीहरूलाई पूरा गरेको सुनिश्चित गर्नुपर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पताल र प्रयोगशाला लगायत सबै निजी स्वास्थ्य सेवा प्रदायकहरूले नेपालको कोभिड-१९ प्रतिकार्य र अन्तर्राष्टि य तथा राष्टि य मानवअधिकार कानुनमा स्थापित कानुनी प्रावधानहरूको पालना गरेको सुनिश्चित गर्नुपर्ने, जसमा देहायलगायत रहेका छन् :
  - स्वास्थ्य सेवाको नियमित सञ्चालन र  यवस्थापन (कोभिड-१९ सँग सम्बन्धित र अन्य स्वास्थ्य सेवा, दुवै);
  - बिरामीमा कोभिड-१९ रहेको आशङ्का वा प्रमाणित भएको आधारमा स्वास्थ्य सेवा दिन अस्वीकार नगर्ने; र
  - कोभिड-१९ जाँच, परी ाण र उपचारसहित सबै आधारभूत स्वास्थ्य सेवाहरूवापतको शुल्क नलिने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गृह मन्त्रालयले कोभिड-१९ उपचारका लागि सरकारले तोकेको शुल्क र कोभिड-१९ बिरामीहरूलाई निःशुल्क सेवा उपलब्ध गराउने शैयासहित कोभिड-१९ इकाइको अनिवार्य यवस्थासम्बन्धी नियमहरू निजी स्वास्थ्य सेवाप्रदायकहरूले पालना गरेको सुनिश्चित गर्नुपर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गृह मन्त्रालयले अस्पताल तथा प्रयोगशालासहित निजी स्वास्थ्य सेवाप्रदायकहरूले आफ्नो कानुनी जिम्मेवारी र मानव अधिकारसम्बन्धी दायित्व पूरा गर्न असफल भएको अवस्थामा कानुन अनुसार दण्डित गरिएको सुनिश्चित गर्नुपर्ने ।

**८. खोपसँग सम्बन्धित सिफारिश :**

- सरकार, विशेषगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विस्तृत र यापक रूपमा पहुँचयुक्त खोप खरिद र वितरण रणनीति तथा योजना सार्वजनिक गर्नुपर्ने । यसमा नेपालका सबै बासिन्दाहरूका लागि विना भेदभाव खोप लगाउने अवसर प्राप्त गर्ने ठोस आधारहरूको विवरण समावेश हुनुपर्ने ।

- सरकार, विशेषगरी अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारले सार्वजनिक गरेको तालिका अनुसार खोप जनताले प्राप्त गरेको सुनिश्चित गर्न उपलब्ध अधिकतम स्रोत परिचालन गर्नेतर्फ कदम चाल्नुपर्ने ।

- स्थानीय प्रशासनले सरकारले सार्वजनिक गरेको प्राथमिकीकरणको सूचीमा पर्ने यक्तिहरूले समयमै खोप लगाउने अवसर पाएको सुनिश्चित गर्न कदम चाल्नुपर्ने र कुनै पनि अनियमितता र यक्तिगत पहुँचको आधारमा खोप लगाउने कार्यलाई रोक्नुपर्ने ।

International Commission of Jurists

ADVOCACY FORUM

AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL SECTION

JuRI-Nepal

innja

- सरकार, विशेषगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खोप खरिद गर्दा सार्वजनिक चाँसोको कुनै पनि विषयमा एकप ीय रुपमा नन डिस्क्लोजर एग्रिमेन्टमा हस्ता ार नगर्ने । सूचनाको हकको सम्मान गर्नुपर्ने । पारदर्शिताको सिद्धान्तको सम्मान गर्दै खोप खरिद र वितरणसँग सम्बन्धित प्रक्रिया, मुल्य र अन्य प्रश्नहरूबारे महत्वपूर्ण जानकारी सार्वजनिक गर्नुपर्ने ।

- सरकार, विशेषगरी परराष्ट  मन्त्रालयले प्राथमिकताका साथ कोभिड-१९ खोप आपूर्ति वा खरिदका लागि नेपालका लागि अन्तर्राष्टि य सहायता सुनिश्चित गर्न र आर्थिक सहयोग जुटाउन अन्य राष्ट , बहुराष्टि य संस्था र निजी दाताहरूसँग सहकार्यका लागि वार्ता तथा छलफल अघि बढाउनुपर्ने ।

**<u>हस्ता ारकर्ता</u>**

.............................................
इन्टरनेशनल कमिशन अफ जुरिष्ट
करुणा पराजुली

.....................................
एड्भोकेसी फोरम
विकास बस्नेत

.........................................
एम्नेष्टी इन्टरनेशनल, नेपाल
निराजन थपलिया

..................................
जुरी नेपाल
कमल बस्याल

टंक पन्त
अध्यक्ष
.................................................
नेपाली पत्रकारहरुको अन्तरराष्टि य संजाल (ईन्जा)